मिति: २०८३।०१।२१ गते
समय: बिहान ११:०० बजे

बैठक सङ्ख्या : ८२

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री शशि राई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

१. कृष्ण राज गुर्ह प्र. दर्जा

२. चेतनाथ गौतम अधिकृतस्तर आठौं

३. भानुभक्त राई इन्जिनियर

४. परहाद खड्का स्वकीय सचिव

५. रवि सुवेदी सहायकस्तर पाँचौं

६. चन्द्र विश्वकर्मा का.स.

(८२ औं बैठक) मिति: २०८३।१।२१ गतेको निर्णयहरू

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो ८१ औ बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनको सम्वन्धमा आवश्यक छलफल गर्दा निर्णयहरू कार्यान्वयनमा गएकोले प्रभावकारी बनाउन नियमित समन्वय र सहजीकरण गर्ने |
| २ | स्वास्थ्य संस्था (हस्पिटल) अनुमति सम्वन्धमा | लेटाङ नगरपालिकाको पूर्वाधार स्थायी एवम् स्तरउन्नती स्विकृतिको प्रयोजनका लागि अनुगमन समितिले अनुगमन गर्दा निर्धारित मापदण्ड पुगेको भनी अनुमती दिने सिफारिस भई आएकाले एडभान्स हस्पिटल प्रा.लि.लेटाङ नगरपालिका वडा नं-४ लाई १० बेडको अस्पताल (निजी स्वास्थ्य संस्था) सञ्चालन गर्न अनुमति दिने |
| ३ | हेरालु र सरसफाई कर्मचारी सम्वन्धमा | अन्तरधार्मिक शान्तिपार्क लेटाङ १ को व्यवस्थापन गर्ने कर्मचारीहरू क्रमशः सरसफाईकर्मी श्री कमला राई लाई रू ५००। र हेरालु सहित राजश्व संकलनकर्ता र सुरक्षाको समेत काम गर्ने कर्मचारी श्री राजेन्द्रकुमार राई लाई रू ७५०। दैनिक ज्याला दिने गरी पारिश्रमिक तोक्ने र समितिले कर्मचारी छनोट गरी काम लगाउने। |
| ४ | शुल्क तोक्ने सम्वन्धमा | अन्तरधार्मिक शान्तिपार्क प्रवेशका लागि प्रति व्यक्ति रू २० सरसफाई शुल्क तोक्ने र ७ वर्ष मुनीका बालबालिकालाई निशुल्क गर्ने। विद्यार्थी र ज्येष्ठ नगरिकलाई तोकिएको शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने। |
| ५ | नदिजन्य पदार्थ उत्खनन गर्न प्रस्ताव पठाउने सम्वन्धमा | लेटाङ नगरपालिकाको चिसाङ खोलाको चिसाङ पुल उत्तर र चुरे क्षेत्रमा पर्ने लामीटार क्षेत्रको विपद् जोखिम हुने गरी ओभरडिपोजिट भएको नदिजन्य पदार्थ गत आर्थिक बर्ष २०८१।८२ मा गरेको IEE प्रतिवेदन र नगर विपद् व्यवस्थापन समितिले अत्यन्त जोखिम रहेको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिमा उत्खनन् अनुमतिको लागि पठाउने साथै IEE पुनरवलोकन गर्नुपर्ने भएकाले पुनरावलोकनको प्रक्रिया अगाडी बढाउने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| ६ | कार्यविधि संशोधन गर्ने सम्बन्धमा | लेटाङ नगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि २०८० मा तपसिल अनुसार पहिलो संशोधन गर्ने<br>१. दफा ६ को उपदफा १ को पछि ६.क) थप गरी खण्ड ख) को अ) र ग) को अ) को शैक्षिक योग्यता पुगेको शिक्षक सम्बन्धित विद्यालयमा उपलब्ध नभएमा वा भएकाले आवेदन नगरेमा वा छनौटपरीक्षामा अनुतीर्ण हुन नसकेमा सम्बन्धित तहको न्यूनतम योग्यता पुगेको शिक्षकको योग्यता पुगेको मानिनेछ।<br>२. दफा ६ को उपदफा २ मा भएको स्वीकृत दरबन्दी नभएको भन्ने शब्द पछि ....वा भएको... शब्द थप गर्ने |
| ७ | विज्ञ सदस्य तोक्ने सम्वन्धमा | लेटाङ नगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि २०८० को दफा ११ (ग) बमोजिम सदस्य तोकन नगरप्रमुखलाई अख्तियारी दिने। |
| ८ | दिवा खाजा व्यवस्थापन सम्बन्धमा | लेटाङ नगरपालिकाको विद्यालयहरूमा दिवा खाजा प्राप्त गर्ने विद्यार्थीहरूको खाजा विद्यालयहरूले विद्यालयमै जङ्कफुड बाहेक सकेसम्म स्थानीय स्वस्थकर प्रकृतिको व्यवस्थापन गर्ने र विद्यालयले विभिन्न सहकारी संस्थाहरूमार्फत खाजा लगायत विद्यार्थीको रकम निकास |

<table>
<tr><td></td><td></td><td>गर्ने गरेको भन्ने गुनासोको सम्बन्धमा त्यस प्रकृतिको खाता सञ्चालन गर्न तत्काल वन्द गर्न विद्यालयहरूलाई निर्देशन दिने र उक्त कार्यको अनुगमन गर्ने।</td></tr>
<tr><td>९</td><td>संस्था दर्ता सम्बन्धमा</td><td>भुसुने केराबारी असारे डाँडा खानेपानी आयोजना उपभोक्ता समिति लेटाङ ७ को विधान स्वीकृत गरी संस्था दर्ता गर्ने।</td></tr>
<tr><td>१०</td><td>भुक्तानी सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका वडा नं २ मा जेष्ठ नागरिक मैत्री समुदाय विकास कार्यक्रममा जेष्ठ नागरिकलाई यातायात खर्च बापतको रकम रू४३०००/- भुक्तानी प्रदान गर्ने। (श्रोत: कार्यक्रम खर्च)<br>२.लेटाङ नगरपालिका वडा नं ९ को विपद् व्यवस्थापन कार्य अन्तर्गतको विल भर्पाई अनुसार देखिएको खर्च रू४७९५२ भुक्तानी प्रदान गर्ने। (श्रोंत: वडा नं ९ को विपद् व्यवस्थापन कोष)</td></tr>
<tr><td>११</td><td>छात्रावृती सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ९ मा बसोबास गर्ने श्री शेषराज खतिवडाको छोरी श्री सलिना खतिवडालाई बि बि एस अध्ययनका लागि रू१००००/- भुक्तानी प्रदान गर्ने। (श्रोत: नगरस्तरिय छात्रावृती कार्यक्रम)</td></tr>
<tr><td>१२</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका किरात राई यायोक्खा नगर कार्य समिति लेटाङ उभौली पर्व मनाउनका लागि आर्थिक सहयोग माग गरेको हुँदा उक्त पर्व मनाउनका लागि रू३००००/- आर्थिक सहयोग गर्ने। (श्रोत: विभिन्न भाषा, कला, साहित्य, संस्कृति तथा पर्व मेला उत्सव, महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)</td></tr>
<tr><td>१३</td><td>विपद राहत सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं २ बाट आगोलागी भई सर्जमिन मुचुल्का सहित राहात माग भई आएकाले श्री दलबहादुर मगरलाई रू१००००/- राहत प्रदान गर्ने।</td></tr>
<tr><td>१४</td><td>वजेट विनियोजन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका इलाका प्रहरी कार्यालयको गेट निर्माणका लागि सहयोग माग भई आएकाले उक्त गेट निर्माण गर्नका लागि रू५७०००/- बजेट विनियोजन गर्ने। (श्रोत: भैपरी पुँजिगत खर्च)</td></tr>
<tr><td>१५</td><td>पदपूर्ती सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा स्वास्थ्य सेवा तर्फ कार्यरत कर्मचारीहरू श्री रोनिस ढुङ्गेल र शिल्पा नेवारले राजिनामा दिएकोले देहायको पदहरू रिक्त भएको हुँदा उक्त पदमा करार सेवा अन्तर्गत पदपूर्ती गर्ने।<br>देहाय:<table><tr><td>क.सं.</td><td>सेवा</td><td>समूह</td><td>पद</td><td>पदपूर्ति संख्या</td></tr><tr><td>१</td><td>स्वास्थ्य सेवा</td><td>हे.ई</td><td>अ.हे.व</td><td>२(दुई)</td></tr></table></td></tr>
<tr><td>१६</td><td>पदपूर्ती समिति सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा सवास्थ्य सेवा, हे.ई समूह, अ.हे.व. पदमा पदपूर्ति गर्नक लागि देहायकको एक पदपूर्ती समिति गठन गर्ने।<br>देहाय:<br>प्रमुख प्रशासकीय अधिकृत – संयोजक<br>सम्बन्धित शाखा वा सेवा सञ्चालन गर्ने निकायको प्रमुख अधिकृत- सदस्य<br>सम्बन्धीत क्षेत्रको विषय विज्ञ – २ जना विज्ञ सदस्य<br>नगरपालिकाको सिनियर अधिकृत – सदस्य सचिव</td></tr>
<tr><td>१७</td><td>गरिवी निवारण कार्यक्रम सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ९ मा स्थाई बसोबास गर्ने श्री श्याम बहादुर लिम्बुको माग निवेदन बमोजिम निजलाई गोरू खरिद गर्नका लागि रू३००००/- बजेट विनियोजन गर्ने। (श्रोत: गरिबि निवारण कोष)</td></tr>
</table>

२ औ बैठक) मिति: २०८३।१।२१ गतेको निर्णयहरू

| | | |
|---|---|---|
| १८ | बजेट विनियोजन सम्बन्धमा। | लेटाङ नगरपालिकामा दिगो विकासको लक्ष्य स्थानीयकरण कार्य गर्न आवश्यक रहेकाले उक्त कार्य गर्नका लागि रू४०००००/- बजेट विनियोजन गर्ने। (श्रोतः परामर्श तथा सेवा) |
| १९ | सवारी चालक व्यवस्थापन सम्बन्धमा। | लेटाङ नगरपालिकामा नगर उपप्रमुखको सवारी साधन चलाई रहेको सवारी चालक श्री रोहित तिम्सिनाले घरायसी कारणबाट पदबाट राजिनामा दिई सवारी चालक पद रिक्त रहेको हुँदा सवारी चालक राख्न अति आवश्यक भएकोले लेटाङ नगरपालिकामा काम गर्न इच्छुक रहेको भनी लेटाङ ५ निवासी श्री दिपक लकाई खड्काले माग निवेदन दिएकोले निजलाई सार्वजनिक विदाको दिन समेत कामकाज गर्नुपर्ने भएको हुँदा निजलाई मासिक हल्का सवारी चालकको तलब स्केल २७६१२/- भुक्तानी हुने गरी डोरहाजिरी राखे साथै अन्य सवारी चालकलाई दिए बमोजिम रासन भत्ता उपलब्ध गराउने। |